# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








वर्ष : २५ | अंक : ३०८ | बुधवार, ३ भदौ, २०८३ | Wednesday, 19 Aug 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## जाजरकोटमा सुरक्षाकर्मीले पैदलमार्गबाट बोकेरै पुर्‍याए राहत



**काँक्रेविहार संवाददाता**
जाजरकोट, २ भदौ

जाजरकोटमा सुरक्षाकर्मी र प्रजिअले पैदलमार्गबाट बोकेरै राहत सामग्री बोकेर पुर्‍याउन थालेका छन्। बाढी-पहिरो प्रभावित क्षेत्रमा सडक डिभिजन कार्यालय चौरजहारीले सडक खुलाउन चासो नदेखाएपछि पैदलमार्ग हुँदै राहत सामग्री पुर्‍याउन सुरु गरेका हुन्। जिल्ला विपत् व्यवस्थापन समितिले सुरक्षाकर्मीको अग्रसरमा अस्थायी बाटो बनाउँदै राहत सामग्री ढुवानी गर्न थालेको छ।

विभिन्न दाताहरूबाट प्राप्त राहत सामग्रीको सुरक्षाकर्मीमार्फत सुरुवात गरिएको प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले बताए। प्रभावित क्षेत्रमा पुग्न सडक अवरुद्ध भएको छ। बारम्बार सडक डिभिजन कार्यालय चौरजारीलाई सडक खुलाइदिन अनुरोध गर्दासमेत अटेरी गर्दै आएको उनको भनाइ छ।

सोमबार सम्पन्न विपत् व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार उक्त सडक सडक डिभिजन कार्यालय चौरजारीले नियमित गर्ने निर्णय गरेको थियो। विपतबाट प्रभावित रारा-लुम्बिनी राजमार्गअन्तर्गत राङ्सी सडकखण्ड र भेरी करिडोर जाजरकोट डोल्पा-सडकखण्डअन्तर्गतको चौखा खण्डको सञ्चालन बाँकी पृष्ठ २

# पूर्वाधारमा मनपरी रोक्न जिल्ला–जिल्लामा परीक्षण प्रयोगशाला

*प्रयोगशालाबाट बालुवा, सिमेन्ट, गिट्टी, सडकको कोर कटिङ, पिचको मोटाइ, बेस तथा सब–बेसको डेन्सिटी र ढलानको ह्याम्बर परीक्षणलगायत काम गरिनेछ। यसबाट गुणस्तरहीन निर्माण रोक्दै पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्ने सरकारको लक्ष्य छ।*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २ भदौ

कर्णाली प्रदेश सरकारले पूर्वाधार निर्माणमा गुणस्तरलाई अनिवार्य सर्त बनाउँदै निर्माण सामग्री र संरचनाको परीक्षणपछि मात्रै काम अघि बढाउने नीति कडाइका साथ कार्यान्वयन गर्ने तयारी गरेको छ।

निर्माणाधीन सडक तथा अन्य पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न प्रदेश सरकारले प्रयोगशाला विस्तारसँगै जिल्लास्तरमै गुणस्तर परीक्षणको व्यवस्था गर्न लागेको हो। प्रदेशको पूर्वाधार विकास निर्देशनालयले हाल पूर्वाधार निर्माणसँग सम्बन्धित सामग्री तथा संरचनाको गुणस्तर परीक्षण गर्दै आएको छ।

आर्थिक वर्ष २०७९।८० मा निर्देशनालय सुर्खेतको मातहतमा रहने गरी प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालालाई स्तरोन्नति गरिएको थियो। स्तरोन्नति गरिएको प्रयोगशाला आर्थिक वर्ष २०८०।८१ देखि प्रयोगमा आएको हो। प्रदेश सरकारले हरेक वर्ष बजेट विनियोजन गर्दै प्रयोगशालाको क्षमता र परीक्षणको दायरा विस्तार गर्ने काम अघि बढाउँदै आएको छ। चालु आर्थिक वर्षमा पनि प्रयोगशालाका लागि २० लाख रुपैयाँ बजेट विनियोजन गरिएको निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजंग शाहीले



जानकारी दिए। उनका अनुसार विनियोजित रकमबाट प्रयोगशालाका लागि आवश्यक सामग्री खरिद गरिनेछ।

निर्माण कार्यको गुणस्तर परीक्षणका लागि प्रदेश सरकारले अब जिल्ला तहसम्मै प्रयोगशाला विस्तार गर्ने योजना अघि सारेको छ। कर्णालीका बाँकी नौ जिल्लामा समेत प्रयोगशाला स्थापना गरी जिल्लामै निर्माण सामग्री र संरचनाको परीक्षण गर्ने तयारी गरिएको हो।

केही जिल्लाले परीक्षणसम्बन्धी काम सुरु गरिसकेका छन् भने केही जिल्लाले चालु आर्थिक वर्षदेखि काम अघि बढाउने तयारी थालेका छन्।

हाल जिल्लामा निर्माण भइरहेका सडक तथा अन्य पूर्वाधारको गुणस्तर परीक्षणका लागि सामग्री सुर्खेत वा नेपालगञ्जसम्म पठाउनुपर्ने अवस्था छ। जिल्ला तहमा प्रयोगशाला नहुँदा परीक्षणका लागि लामो दूरीसम्म सामग्री लैजानुपर्ने भएकाले समय र खर्च दुवै बढ्ने गरेको छ। यही समस्या समाधान गर्न प्रदेश सरकारले जिल्लामै प्रयोगशाला स्थापना गर्न जोड दिएको सूचना अधिकारी शाहीले जानकारी दिए। प्रयोगशालामा निर्माणमा प्रयोग हुने बालुवा, सिमेन्ट, गिट्टी लगायतका सामग्रीको गुणस्तर परीक्षण गरिनेछ। त्यसका साथै निर्माण सम्पन्न भएका तथा निर्माणाधीन संरचनाको प्राविधिक परीक्षणसमेत गरिनेछ। सडकको ढलानको गुणस्तर परीक्षणका लागि कोर कटिङ, कालोपत्रे सडकको मोटाइ परीक्षणका लागि कोर कटिङ, पिच तथा ढलानअघि बेस र सब-बेसको डेन्सिटी परीक्षण तथा ढलानको ह्याम्बर परीक्षणलगायतका काम प्रयोगशालाबाट हुनेछन्।

पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न प्रयोगशालाको भूमिका महत्वपूर्ण हुन्छ। निर्माण सामग्रीको गुणस्तर कमजोर भएमा सडक, पुल, भवन तथा अन्य संरचनाको आयु छोटो हुने र राज्यको लगानीसमेत खेर जाने जोखिम हुन्छ। त्यसैले निर्माण सुरु गर्नुअघि सामग्रीको गुणस्तर परीक्षण गर्ने र निर्माणका विभिन्न चरणमा प्राविधिक परीक्षणलाई अनिवार्य बनाउनु आवश्यक देखिन्छ।

कर्णालीजस्तो भौगोलिक रूपमा विकट प्रदेशमा गुणस्तर परीक्षणको व्यवस्था झनै महत्वपूर्ण छ। दुर्गम जिल्लामा निर्माण हुने सडक तथा पूर्वाधारको नियमित अनुगमन र परीक्षण हुन नसक्दा कतिपय आयोजना तोकिएको मापदण्डअनुसार निर्माण भए-नभएको यकिन गर्न कठिन हुने गरेको छ। जिल्लामै प्रयोगशाला स्थापना भएपछि निर्माण सामग्रीको परीक्षण छिटो हुने र प्राविधिक कमजोरी समयमै पहिचान गर्न सकिने अपेक्षा गरिएको छ।

तर प्रदेश सरकारले पूर्वाधारको गुणस्तर सुधार गर्ने तयारी गरिरहँदा पूर्वाधार हेर्ने सरकारी कार्यालय स्वयं भौतिक पूर्वाधारको अभावमा सञ्चालन भइरहेका छन्। कर्णालीका १० जिल्लामध्ये पाँच जिल्लाका पूर्वाधार विकास कार्यालय अहिले पनि भाडाका घरबाट सञ्चालन बाँकी पृष्ठ २


## मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचविखन भन्नाले:**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

**तसर्थ:**

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## वैदेशिक रोजगारका लागि साउनमा लिए ७० हजारभन्दा बढीले श्रम स्वीकृति

**काँक्रेविहार संवाददाता**
काठमाडौं, २ भदौ

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदन अनुसार सन् २०२६ जुलाई १७ देखि अगस्ट १६ (साउन महिना) सम्मको अवधिमा ७० हजार ४ सय ४१ नेपालीले वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति पाएका छन्।

विभागको तथ्याङ्क अनुसार यस अवधिमा श्रम स्वीकृति लिनेमा पुरुषको संख्या ६० हजार ४ सय ७२ र महिलाको संख्या ९ हजार ९ सय ६९ रहेको छ।

कुल स्वीकृत संख्यामध्ये नयाँ श्रम स्वीकृति लिने (पुनः श्रम स्वीकृति बाहेक) नेपालीको संख्या ४२ हजार




६ सय ९३ रहेको छ, जसमा ३६ हजार ३ सय ३९ पुरुष र ६ हजार ३ सय ५४ महिला छन्। त्यसैगरी, २७ हजार ७ सय ४८ जनाले पुनः श्रम स्वीकृति लिएका छन्।

नेपाली कामदारका लागि प्रमुख गन्तव्य मुलुकका रूपमा युनाइटेड अरब इमिरेट्स देखिएको छ। साउन महिनामा मात्रै युएईका लागि १८ हजार ७ सय ८४ जनाले श्रम स्वीकृति पाएका छन्। दोस्रो प्रमुख गन्तव्यका रूपमा मलेसिया रहेको छ, जहाँ १२ हजार ४ सय ९८ जना जान लागेका छन्।

अन्य देशहरूमध्ये कतारमा १० हजार ३६०, साउदी अरबमा ८ हजार ६१३, कुवेतमा ४ हजार ५६७, रोमानियामा २ हजार ९०८ र जापानका लागि १ हजार २४४ जनाले श्रम स्वीकृति लिएका छन्। यसका साथै पोर्चुगल, टर्की, साइप्रस र माल्दिभ्स लगायतका देशहरूमा पनि नेपालीहरू रोजगारीका लागि जान लागेको तथ्याङ्कले देखाउँछ।

विभागको तथ्याङ्क अनुसार वैदेशिक रोजगारीमा जानेहरूमध्ये अधिकांश दक्ष श्रेणीका रहेका छन्। कुल ७० हजार ४ सय ४१ मध्ये ४० हजार ४ सय ९६ जना दक्ष कामदारका रूपमा श्रम स्वीकृति लिनेहरू छन्।

साथै, सो अवधिमा अदक्ष १७ हजार ९९९ जना, अर्धदक्ष ११ हजार ४६५ जना, व्यावसायिक ३७८ जना र उच्च दक्ष १०३ जनाले श्रम स्वीकृति लिएको विवरणमा उल्लेख छ।

वैदेशिक रोजगारीमा जानेहरूको बाँकी पृष्ठ २

## सम्पादकीय

# मन्त्रालय बाँडफाँडमा लडाँइ किन?

सरकार गठनको मुख्य उद्देश्य जनतालाई प्रभावकारी सेवा दिनु, विकास निर्माणलाई गति दिनु र प्रदेशको आर्थिक तथा सामाजिक अवस्थालाई सुधार गर्नु हो । तर सरकार गठनसँगै मन्त्रालयको भागबन्डामा हुने लामो विवादले सरकारको प्राथमिकता नै गलत दिशामा गएको सन्देश दिन्छ । विशेषगरी कर्णालीमा आर्थिक मामिला तथा योजना, भौतिक पूर्वाधार तथा सहरी विकास र सामाजिक विकासजस्ता महत्वपूर्ण मन्त्रालयमा दलहरूले आफ्नो दाबी प्रस्तुत गर्नु स्वाभाविक भए पनि त्यसकै कारण सरकार नै अधुरो राख्नु स्वीकार्य हुन सक्दैन ।

यही विषयमा एमाले र नेकपाबीच देखिएको तानातानले प्रदेश सरकारको राजनीतिक स्थायित्वमाथि प्रश्न उठाएको छ । अझ प्रदेशको सत्ता समीकरणमा केन्द्रको सहमति मान्ने कि प्रदेशमै रहेका दलहरूले आफ्नो राजनीतिक शक्ति सन्तुलनअनुसार निर्णय गर्ने भन्ने बहसले विवादलाई थप जटिल बनाएको छ । प्रदेश सरकार संघीयताको अभ्यासको महत्वपूर्ण आधार हो । त्यसैले प्रदेशको सरकार गठन र सञ्चालनमा केन्द्रको राजनीतिक हस्तक्षेप कति हुने भन्ने विषयमा पनि दलहरू गम्भीर हुन आवश्यक छ । तर केन्द्रको हस्तक्षेपको विरोध गर्ने नाममा प्रदेशमै सहमति बन्न नसक्ने अवस्था सिर्जना गर्नु पनि उचित होइन । अन्ततः प्रदेश सरकार चलाउने जिम्मेवारी प्रदेशकै राजनीतिक नेतृत्वको हो भने त्यसको जवाफदेहिता पनि प्रदेशकै जनताप्रति हुनुपर्छ ।

मुख्यमन्त्री मंगलबहादुर शाही अहिले दोहोरो दबाबमा छन् । एकातिर मन्त्रिपरिषद्लाई पूर्णता दिनुपर्ने अवस्था छ भने अर्कोतिर प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने चुनौती छ । यस्तो अवस्थामा सत्तासाझेदार दलबीचको विवाद लम्बिँदै जानु सरकारका लागि मात्र होइन, प्रदेशको प्रशासनिक र विकास प्रक्रियाका लागि समेत जोखिमपूर्ण छ । कर्णालीमा विकासका समस्या धेरै छन्। सडक, स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि, पर्यटन र पूर्वाधारका क्षेत्रमा सरकारले तत्काल निर्णय र काम गर्नुपर्ने अवस्था छ । तर मन्त्री को बन्ने र कुन दलले कुन मन्त्रालय पाउने भन्ने विवादमै सरकार अल्झिरहने हो भने जनताले सरकारबाट अपेक्षा गरेको परिणाम कसरी प्राप्त गर्ने ?

त्यसैले सत्तासाझेदार एमाले र नेकपाले अब 'मालदार' मन्त्रालयको मोहभन्दा माथि उठ्नुपर्छ । मन्त्रालय कुनै दलको निजी सम्पत्ति होइनन् । ती मन्त्रालय जनताको सेवा गर्ने संवैधानिक संरचनाका अंग हुन् । जिम्मेवारी पाउने दलले पनि त्यसलाई राजनीतिक लाभको माध्यम होइन, जनसेवाको अवसरका रूपमा लिनुपर्छ । मन्त्रालयको भागबन्डा मिलाउन नसक्नु दलहरूको राजनीतिक कमजोरी हो। तर त्यसको मूल्य कर्णालीका जनताले तिर्नुपर्ने अवस्था आउनु अझ ठूलो कमजोरी हुनेछ । त्यसैले व्यक्तिगत र दलीय अडानभन्दा माथि उठेर तत्काल सहमति कायम गर्नु आवश्यक छ । तीन-तीन मन्त्रालयमा सहमति भइसकेपछि कुन मन्त्रालय कसले लिने भन्ने विषयमा अनावश्यक रस्साकस्सी गर्नुको कुनै औचित्य छैन । अब कर्णालीलाई भागबन्डाको राजनीति होइन, परिणाम दिने सरकार चाहिएको छ । सत्ता साझेदार दलहरूले यो वास्तविकता बुझेर छिटो मन्त्रिपरिषद् विस्तार गर्नुपर्छ । सरकार गठनको पहिलो परीक्षा नै मन्त्रालय बाँडफाँटमा असफल हुने हो भने आगामी दिनमा जनताले सरकारबाट सुशासन र विकासको अपेक्षा कसरी गर्ने ?

## कांग्रेसको भविष्य :

# नेतृत्वको होड कि संस्थागत पुनर्जागरण ?



डा. शोभाकर पराजुली

नेपाली कांग्रेस आज केवल आन्तरिक विवादमा परेको राजनीतिक दल मात्र होइन; यो आफ्नो राजनीतिक दिशा, संस्थागत चरित्र, नेतृत्व संस्कार र भविष्यको पहिचान तय गर्ने निर्णायक मोडमा उभिएको छ । बाहिरबाट हेर्दा यो विवाद नेतृत्व, क्रियाशील सदस्यता, महाधिवेशन र पुरानो–नयाँ नेतृत्वबिचको संघर्षजस्तो देखिन्छ । तर यसको गहिराइमा पुग्दा प्रश्न झनै ठुलो छ– कांग्रेस अब पुरानो शक्ति संरचनाकै निरन्तरता बन्ने कि नयाँ राजनीतिक युगको नेतृत्व गर्ने पार्टी? कांग्रेसभित्र अहिले देखिएको संघर्षलाई केवल दुई नेताबिचको प्रतिस्पर्धाका रूपमा बुझ्नु राजनीतिक रूपमा अधुरो विश्लेषण हुनेछ ।

यो संघर्ष वास्तवमा पुरानो राजनीतिक संस्कार र नयाँ राजनीतिक अपेक्षाबिचको टकराब हो । एकातर्फ लामो समयदेखि पार्टीको संगठन, सत्ता र राजनीतिक संरचनामा प्रभाव राख्दै आएको पुस्ता छ भने अर्कोतर्फ नेतृत्व हस्तान्तरण, संगठनात्मक पुनर्संरचना र नयाँ राजनीतिक संस्कारको माग गरिरहेको पुस्ता ।

तर, समस्या केवल पुस्ताको मात्र होइन; मूल समस्या त पार्टीभित्र विश्वासको क्षय हुनु हो । जब एउटा पक्षले अर्को पक्षलाई राजनीतिक प्रतिस्पर्धी मात्र नभएर सम्भावित अस्तित्वगत खतरा ठान्न थाल्छ, तब सामान्य संगठनात्मक निर्णय पनि शक्ति संघर्षमा बदलिन्छ । सदस्यता नवीकरण, महाधिवेशन प्रतिनिधि चयन, केन्द्रीय समिति, विधान र अधिवेशनको मितिसमेत राजनीतिक अविश्वासका विषय बन्न पुग्छन् ।

यही अवस्थाले कांग्रेसलाई अहिलेको संकटमा पुर्‍याएको हो ।

**पहिलो संकट : व्यक्ति कि संस्था?**

नेपाली कांग्रेसको सबैभन्दा ठुलो चुनौती नेतृत्वको होइन, नेतृत्व संस्कारको हो । कांग्रेसमा लामो समयदेखि एउटा प्रवृत्ति विकसित हुँदै आएको छ– संगठनात्मक क्षमता र राजनीतिक विचारभन्दा नेतासँगको निकटता बढी महत्त्वपूर्ण बन्ने । कार्यकर्ता पार्टीको नीति र विचारभन्दा पहिले आफ्नो गुट वा राजनीतिक समूहप्रति उत्तरदायी बन्ने अवस्था देखिनु लोकतान्त्रिक पार्टीका लागि गम्भीर खतरा हो । विभिन्न विचार समूह हुनु लोकतान्त्रिक पार्टीमा अस्वाभाविक होइन; विचारका आधारमा फरक मत हुनु लोकतन्त्रको सुन्दर पक्ष हो । तर, जब गुटले पार्टीको संस्थागत संरचनालाई नै नियन्त्रण गर्न थाल्छ, तब समस्या उत्पन्न हुन्छ । विचार समूह लोकतन्त्र हो, तर समानान्तर शक्ति केन्द्र 'गुटतन्त्र' हो । कांग्रेसले अब यी दुईबिचको अन्तर स्पष्ट गर्नैपर्छ ।

कांग्रेस कुनै नेताको निजी राजनीतिक सम्पत्ति होइन, न त कुनै पुस्ताको स्थायी अधिकार नै । यो नेपालको लोकतान्त्रिक आन्दोलनको लामो इतिहास बोकेको साझा संस्था हो । त्यसैले व्यक्तिको राजनीतिक जीवन समाप्त हुन सक्छ, नेतृत्व परिवर्तन हुन सक्छ, पुस्ता परिवर्तन हुन सक्छ; तर पार्टीको संस्थागत चरित्र कमजोर हुनु हुँदैन ।

**दोस्रो संकट : सदस्यता र शक्ति**

क्रियाशील सदस्यताको विवादलाई सामान्य प्रशासनिक विषय ठान्नु ठुलो राजनीतिक भूल हुनेछ । पार्टी सदस्यता भनेको केवल कार्यकर्ताको नामावली मात्र होइन । यही सदस्यताबाट वडा तहको शक्ति निर्माण हुन्छ, त्यहीँबाट अधिवेशन प्रतिनिधि आउँछन् र अन्ततः केन्द्रीय नेतृत्व चयन हुन्छ । अर्थात्, जसले सदस्यता संरचनामा नियन्त्रण गर्छ, उसले भविष्यको संगठनात्मक शक्ति नियन्त्रण गर्छ । त्यसैले सदस्यता विवादको समाधान कुनै गुटलाई जिताएर होइन, 'प्रक्रिया'लाई जिताएर गर्नुपर्छ भन्ने मेरो स्पष्ट मत छ ।

यसका लागि कांग्रेसले पूर्ण पारदर्शी डिजिटल सदस्यता प्रणाली निर्माण गर्नुपर्छ । प्रत्येक सदस्यले आफ्नो सदस्यता, नवीकरण, मतदान अधिकार र प्रतिनिधित्वको अवस्था आफैँ हेर्न सक्ने व्यवस्था मिलाइनुपर्छ । विवादित सदस्यताको स्वतन्त्र छानबिन हुनुपर्छ र अन्तिम सूची सार्वजनिक गरिनुपर्छ । कुनै नेता, समूह वा गुटले सदस्यता प्रणालीलाई आफ्नो राजनीतिक शक्ति विस्तारको साधन बनाउन नपाउने वातावरण बन्नुपर्छ । महाधिवेशन निष्पक्ष चाहिने हो भने सदस्यता वितरण निष्पक्ष हुनैपर्छ ।

**तेस्रो संकट : पुरानो र नयाँ पुस्ता**

कांग्रेसको पुस्तान्तरणलाई पनि अत्यन्त संवेदनशील राजनीतिक विषयका रूपमा बुझ्नुपर्छ । पुरानो पुस्तासँग लामो संघर्षको अनुभव छ । लोकतन्त्रका लागि जेल, निर्वासन, प्रतिबन्ध र राजनीतिक जोखिम भोगेको गौरवमय इतिहास छ । संगठन निर्माणमा उनीहरूको अतुलनीय योगदान छ । तर इतिहासको योगदानले भविष्यको नेतृत्वमाथि स्थायी स्वामित्व प्रदान गर्दैन । त्यसैगरी, नयाँ पुस्तासँग नयाँ सोच छ भन्दैमा पुरानो पुस्ताको सम्पूर्ण राजनीतिक योगदानलाई अवमूल्यन गर्न पनि मिल्दैन । त्यसैले कांग्रेसले 'विस्थापन' होइन, 'सम्मानसहितको पुस्तान्तरण' को नीति लिनुपर्छ । वरिष्ठ नेताहरूलाई राजनीतिक सम्मान र अनुभवको भूमिका दिन सकिन्छ, तर कार्यकारी नेतृत्व भने नियमित लोकतान्त्रिक निर्वाचनबाटै तय हुनुपर्छ । यसो गर्दा पुरानो पुस्ताको अपमान पनि हुँदैन र नयाँ पुस्ताको राजनीतिक आकांक्षा पनि रोकिँदैन ।

**चौथो संकट : महाधिवेशन कि शक्ति परीक्षण ?**

महाधिवेशन लोकतान्त्रिक पार्टीको सर्वोच्च संस्था हो । तर, कांग्रेसमा महाधिवेशन कहिलेकाहीँ संगठनात्मक लोकतन्त्रभन्दा बढी शक्ति परीक्षणको मैदान बन्ने गरेको देखिन्छ । अबको महाधिवेशनमा सबैभन्दा ठुलो प्रश्न 'कसले जित्छ' भन्ने होइन; सबैभन्दा ठुलो प्रश्न त 'पराजित पक्षले परिणाम स्वीकार गर्छ कि गर्दैन' भन्ने हो ।

लोकतन्त्रको वास्तविक परीक्षा विजेताले होइन, पराजित पक्षले दिने गर्छ । यदि एउटा पक्षले चुनाव जितेपछि अर्को पक्षले परिणाम अस्वीकार गर्छ भने महाधिवेशनले समस्या समाधान गर्न सक्दैन; बरु त्यसले पार्टीमा अर्को विभाजनको बीउ रोप्छ । त्यसैले कांग्रेसले महाधिवेशनअघि नै एउटा साझा राजनीतिक प्रतिबद्धता गर्नुपर्छ– 'प्रक्रिया निष्पक्ष भए परिणाम स्वीकार गरिनेछ ।' यसले महाधिवेशनलाई व्यक्तिको विजयबाट 'संस्थाको विजय'मा रूपान्तरण गर्न मद्दत गर्नेछ ।

**पाँचौँ संकट : कांग्रेसको राजनीतिक पहिचान**

माथि चर्चा गरिएका यावत् समस्याभन्दा पनि गम्भीर समस्या अर्कै छ– 'आजको कांग्रेस केका लागि?' यो प्रश्नको स्पष्ट उत्तर कांग्रेसले नयाँ पुस्तालाई दिन सक्दैन भने केवल संगठनात्मक एकताले मात्र केही हुनेवाला छैन । बीपी कोइरालाको कांग्रेसले आफ्नो समयको सबैभन्दा ठुलो राजनीतिक प्रश्नको उत्तर दिएको थियो– लोकतन्त्र र नागरिक स्वतन्त्रता । तर आजको नेपालमा प्रश्न र आवश्यकताहरू बदलिएका छन् । आजको युवा स्वदेशमै रोजगारी, उद्यमशील वातावरण, विदेश जान बाध्य नहुने अवस्था, भ्रष्टाचारमुक्त राज्य, प्रविधिमैत्री शासन तथा गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा खोजिरहेको छ । त्यसैले कांग्रेसले इतिहासको गौरव मात्र बेचेर पुग्दैन, भविष्यको स्पष्ट राजनीतिक परियोजना प्रस्तुत गर्नुपर्छ । कांग्रेसको नयाँ राजनीतिक दर्शन हुन सक्छ– लोकतन्त्रसँग आर्थिक अवसर, सामाजिक न्यायसँग उद्यमशीलता, राज्यसँग निजी क्षेत्रको सहकार्य, प्रविधिसँग सुशासन र विकाससँग मानवीयता । यसरी मात्र कांग्रेसले बीपीको विचारलाई आजको युगसँग जोड्न सक्छ ।

**समाधान के?**

कांग्रेसलाई अहिले तत्काल एउटा संक्रमणकालीन राजनीतिक सहमति आवश्यक छ । सबै पक्षले पार्टी विभाजनको सम्भावनालाई पूर्ण रूपमा अस्वीकार गर्नुपर्छ । त्यसपछि निश्चित अवधिका लागि सबै प्रमुख धारको प्रतिनिधित्व हुने गरी एउटा संयुक्त संयन्त्र निर्माण गर्नुपर्छ । त्यो संयन्त्रको काम पद बाँड्नु होइन, निष्पक्ष महाधिवेशनको वातावरण बनाउनु हुनुपर्छ । क्रियाशील सदस्यताको विवाद पारदर्शी प्रक्रियाबाट तत्काल समाधान गरिनुपर्छ । पुराना नेताको योगदानको सम्मान र नयाँ पुस्ताको नेतृत्व विकास सुनिश्चित गरिनुपर्छ ।

महाधिवेशनको परिणाम सबै पक्षले स्वीकार गर्ने राजनीतिक प्रतिबद्धता हुनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा– महाधिवेशनपछि स्थायी गुटीय संरचना अन्त्य गर्ने संस्थागत सुधार गरिनुपर्छ । पार्टीमा वैचारिक समूह रहन सक्छन्; तर समानान्तर कार्यालय, समानान्तर निर्णय केन्द्र र स्थायी गुटीय भागबन्डा सदाका लागि बन्द हुनुपर्छ । यसका लागि कांग्रेसले एउटा कठोर निर्णय लिनैपर्छ । कांग्रेसको अहिलेको संकट समाधान गर्न सबैभन्दा कठिन तर अपरिहार्य निर्णय हो– 'व्यक्तिभन्दा संस्थालाई ठुलो बनाउने' निर्णय । यसको अर्थ कसैलाई कमजोर बनाउनु होइन, सबैलाई संस्थाको विधान र पद्धतिको मातहतमा राख्नु हो ।

वरिष्ठ नेताले भन्न सक्नुपर्छ– "हाम्रो योगदान इतिहासको सम्पत्ति हो, पार्टीमाथि स्थायी नियन्त्रणको आधार होइन ।" नयाँ पुस्ताले भन्न सक्नुपर्छ– "हामी नेतृत्व लिन्छौँ, तर इतिहास मेटेर होइन ।" अनि कार्यकर्ताले भन्न सक्नुपर्छ– "हामी कुनै नेताका होइनौँ, विचार र संस्थाका कार्यकर्ता हौँ ।" यही चेतना नै कांग्रेसको पुनर्जागरणको मूल आधार बन्न सक्छ ।

## जाजरकोटमा...

तत्काल सडक डिभिजन, चौरजहारी र भेरी करिडोर, जाजरकोटले गर्ने निर्णयमा उल्लेख गरिएको छ ।

लामो समय निर्माणकार्य अलपत्र अवस्थामा रहेको उक्त सडक कार्यालयले समेत नियमित मर्मत गर्न तदारुकता नदेखाएको वडाध्यक्ष भीमबहादुर कार्कीले बताए ।

सुरक्षाकर्मीहरूले जोखिम मोलेर पहिरोले बिगारेको पैदलमार्ग मर्मत गरी तत्काल आवतजावत गर्न मिल्ने बनाएका हुन् । सडक सञ्चालनमा नआएपछि खाद्यान्न, पानी तथा अन्य आवश्यक राहत सामग्री बोकेरै प्रभावित परिवारसम्म पुर्‍याउने काम सुरु गरिएको छ ।

सोमबार दिउँसो राहत सामग्री बोकेर पैदल गएका सुरक्षाकर्मी कोटखोलाबाट फिर्ता भएका थिए । निर्णय भएको लामो समय बितिसक्दा पनि सडक सञ्चालनमा आउन सकेको छैन । सडक नखुल्दा राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको गोदाममा थन्किएपछि प्रभावित नागरिकसम्म राहत पुर्‍याउन सुरक्षाकर्मीले वैकल्पिक बाटो रोज्नुपरेको हो ।

भेरी नगरपालिका- २, रिसाडलगायत बाढी-पहिरो प्रभावित क्षेत्रमा अझै ठुलो संख्यामा नागरिक अस्थायी आश्रयमा बसिरहेका छन् । घरबास गुमाएका परिवारलाई खाद्यान्न, खानेपानी, औषधि, त्रिपाल तथा अन्य अत्यावश्यक सामग्रीको आवश्यकता छ । सडक सञ्चालनमा नआए राहत सामग्रीको नियमित आपूर्तिमा थप समस्या हुने स्थानीयको चिन्ता छ ।

सडक नखुल्दा प्रभावित क्षेत्रमा सरकारी उपस्थिति र राहत व्यवस्थापनमा समस्या भइरहेको भेरी नगरपालिका- २ का वडाध्यक्ष कार्कीले बताए ।

सडक सञ्चालनका लागि मेसिन बाहिरबाट ल्याउनुपरेकोले ढिला हुन गएको सडक डिभिजन कार्यालय, चौरजहारीका डिभिजन प्रमुख ई. खुमबहादुर भण्डारीले बताए ।

नगरपालिकाको प्रारम्भिक विवरणअनुसार भेरी नगरपालिका- २ मा ११ घर तथा एउटा कुटानी-पिसानी मिल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । भेरी-३ मा तीनवटा र भेरी-१ मा एउटा घर पूर्ण रूपमा क्षति भएका छन् । करिब तीन सय घरधुरी आंशिकदेखि पूर्ण जोखिममा रहेका छन् ।

बाढी-पहिरोबाट विस्थापित नागरिकलाई त्रिभुवन आधारभूत विद्यालय, विष्णु प्राथमिक विद्यालय दार्नेटा, स्याला विजय प्राथमिक विद्यालय तथा महिला आश्रम तल्लो थाप्लेलगायतका स्थानमा अस्थायी रूपमा राखिएको छ ।

ती आश्रय केन्द्रमा गरी करिब ७८० जना नागरिक रहेको नगरपालिकाको प्रारम्भिक तथ्यांक छ । यता, बाढी-पहिरोले खानेपानीका संरचनामा क्षति पुर्‍याएपछि सदरमुकामआसपासका बस्तीमा समेत खानेपानीको समस्या बढ्दै गएको छ ।

## वैदेशिक...

जिल्लागत तथ्याङ्क हेर्दा मधेश प्रदेश र कोशी प्रदेशका जिल्लाहरूबाट धेरै मानिस बाहिरिएको देखिन्छ । सबैभन्दा बढी धनुषा जिल्लाबाट ३ हजार ३ सय ६८ जनाले श्रम स्वीकृति लिएका छन् ।

सो अवधिमा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनी मार्फत २९ हजार ४ सय ४७ जनाले अनुमति पाएका छन् । व्यक्तिगत रूपमा नयाँ जानेको संख्या १२ हजार ४ सय ४२ छ भने सरकारी स्तरको सम्झौता मार्फत ७ सय १२ जनाले रोजगारीको अवसर पाएका छन् । साथै, वैधानिकीकरण मार्फत ९२ जनाले श्रम स्वीकृति प्राप्त गरेका छन् ।

## पूर्वाधारमा...

भइरहेका छन् । कालीकोट, जाजरकोट, हुम्ला, मुगु र रुकुम पश्चिमका पूर्वाधार विकास कार्यालय भाडाका भवनबाट सञ्चालन भइरहेका हुन् । ती कार्यालयले वार्षिक रूपमा करिब ६ देखि ७ लाख रुपैयाँसम्म घरभाडा तिर्दै आएका छन् । अन्य पाँच जिल्लाका पूर्वाधार विकास कार्यालय भने सरकारी भवनबाट सञ्चालन भइरहेका छन् । संघीयता कार्यान्वयन हुनुअघि जिल्ला विकास समितिअन्तर्गत जिल्ला प्राविधिक कार्यालयका रूपमा रहेका कार्यालयहरू संघीयता लागू भएपछि पूर्वाधार विकास कार्यालयका रूपमा रूपान्तरण भएका हुन् ।

जिल्ला समन्वय समिति बनेपछि ती कार्यालयलाई आफ्नो मातहतमा राख्न नचाहेपछि कतिपय जिल्लामा सरकारी भवनको अभाव भएको बताइएको छ ।

सरकारले पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न ठूलो लगानी गरिरहेको अवस्थामा पूर्वाधार विकासका लागि जिम्मेवार कार्यालयहरू नै पर्याप्त भौतिक संरचनाविहीन हुनु विरोधाभासपूर्ण देखिन्छ । प्रयोगशाला स्थापना गरेर निर्माणको गुणस्तर परीक्षण गर्नु सकारात्मक कदम भए पनि त्याससँगै सम्बन्धित कार्यालयको भौतिक तथा प्राविधिक क्षमता विस्तारमा समेत ध्यान दिन आवश्यक छ ।

कर्णालीमा वर्षेनी ठूलो बजेट सडक, पुल, भवन तथा अन्य पूर्वाधार निर्माणमा खर्च भइरहेको छ । तर गुणस्तर कमजोर हुँदा निर्माण सम्पन्न भएको छोटो समयमै सडक भत्किने, कालोपत्रे उप्किने तथा संरचनामा समस्या आउने गुनासो सुनिँदै आएको छ । यस्तो अवस्थालाई अन्त्य गर्न प्रयोगशाला विस्तार मात्र पर्याप्त हुँदैन, परीक्षणको परिणामलाई निर्माण प्रक्रियासँग जोडेर मापदण्ड पूरा नगर्ने निर्माण व्यवसायी र जिम्मेवार पक्षमाथि समेत कारबाहीको व्यवस्था प्रभावकारी बनाउनुपर्छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# छ लाख ८८ हजारको सहुलियत खाद्यान्न बिक्री



काँक्रेविहार संवाददाता
हुम्ला, २ भदौ

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको हुम्ला शाखाले सातौं वार्षिकोत्सव तथा चाडपर्वलाई लक्षित गर्दै सहुलियत मूल्यमा खाद्यान्न बिक्री सुरु गरेको छ।

बिक्री सुरु भएको पहिलो दिनमै शाखाले करिब सात लाख रुपैयाँ बराबरको खाद्यान्न बिक्री गरेको जनाएको छ।

लिमिटेडका हुम्ला शाखा प्रमुख कृष्णबहादुर थापामगरका अनुसार पहिलो दिन छ लाख ८८ हजार सात सय ५० रुपैयाँ बराबरको खाद्यान्न बिक्री भएको हो। उनका अनुसार उक्त दिन ७० क्विन्टल चामल, तिन सय २२ किलो चिनी र तिन सय ४५ लिटर सूर्यमुखी तेल बिक्री गरिएको छ।

बिक्री भएको चामलमध्ये करिब ६४ दशमलव ५० क्विन्टल सामान्य र पाँच दशमलव ५० क्विन्टल पौष्टिक तत्व मिसाइएको चामल रहेको शाखाले जनाएको छ।

कम्पनीले वार्षिकोत्सव तथा चाडपर्वलाई लक्षित गर्दै भदौ एक गतेदेखि सहुलियत मूल्यमा खाद्यान्न बिक्री सुरु गरेको हो। शाखा प्रमुख थापामगरका अनुसार सहुलियतमा बिक्री हुने खाद्यान्नमा चामल, चिनी र सूर्यमुखी तेल रहेका छन्।

सबै प्रकारका चामलमा प्रतिक्विन्टल पाँच रुपैयाँ छुटको व्यवस्था गरिएको छ। त्यस्तै, चिनीमा प्रतिकिलो पाँच रुपैयाँ छुट दिई एक सय रुपैयाँमा बिक्री भइरहेको छ भने सूर्यमुखी तेलमा प्रतिलिटर तीन रुपैयाँ छुट गरी दुई सय ९५ रुपैयाँमा बिक्री गरिएको छ।

पौष्टिक तत्व मिसाइएको चामल प्रतिव्यक्ति एक क्विन्टलसम्म खरिद गर्न सकिने व्यवस्था गरिएको छ भने अन्य खाद्यान्न आवश्यकता अनुसार खरिद गर्न सकिनेछ।

हाल कम्पनीको हुम्ला शाखाको गोदाममा छ हजार क्विन्टलभन्दा बढी खाद्यान्न मौज्दात रहेको छ।

सहुलियत मूल्यको खाद्यान्न शाखा कार्यालयसँगै सर्केगाडे र श्रीनगर डिपो तथा जिल्लाका अन्य १० बिक्री केन्द्रबाट समेत बिक्री गरिनेछ।

यस वर्ष सहुलियत कोटाको खाद्यान्नका लागि जिल्लाबाट छुट्टै कोटा निर्धारण गर्नुको सट्टा प्रधान कार्यालयले हुम्लासहित शाखा, डिपो र बिक्री केन्द्रका लागि २३ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। उक्त बजेटबाट तोकिएको रकमको खाद्यान्न सकिनेसम्म सहुलियत मूल्यमा बिक्री वितरण गरिने शाखाले जनाएको छ।

# बाढीपहिरोले सडक अवरूद्ध



काँक्रेविहार संवाददाता
सल्यान, २ भदौ

लगातारको वर्षासँगै आएको बाढी र पहिरोले सल्यानका दर्जनौं ग्रामीण सडकमा क्षति पुऱ्याएपछि यातायात सेवा प्रभावित भएको छ।

केही सडक पूर्ण रूपमा अवरुद्ध भएका छन् भने अन्य सडकमा हिलाम्मे बाटो र पहिरोका कारण जोखिम मोलेर सवारी सञ्चालन गर्नुपर्ने अवस्था छ।

स्थानीय तहले सडक खुलाउन जेसिबी परिचालन गरी मर्मत गरिरहेका छन्। तर वर्षा नरोकिँदा सडकमा नियमित यातायात सञ्चालन गर्न कठिनाइ भइरहेको छ।

सडक अवरुद्ध हुँदा बिरामीलाई अस्पताल लैजान, कृषि उपज बजारसम्म पुऱ्याउन तथा दैनिक आवतजावतमा समेत समस्या भएको स्थानीयले बताएका छन्।

वर्षाका कारण खलंगा, कालिमाटी, लान्ती, लेखपोखरा, कपुरकोट, गर्पा, लुहाम, फलाबाङ, तुलसीपुर, बागचौर, पातिहाल्ना, पातिहाल्ना–बाफुखोला, ढोडचौर बडागाउँलगायतका सडकमा बाढी र पहिरोले क्षति पुऱ्याएको छ।

कालिमाटी गाउँपालिका छ को बालुवा छछरे, वडा नम्बर सातको बालुवा–घुइँयाबारी तथा बागचौर क्षेत्रका केही सडक पूर्ण रूपमा अवरुद्ध भएका छन्।

कालिमाटीबाट घुइँयाबारी हुँदै नेपालगन्ज जाने सडकमा ठाउँठाउँमा कटान र पहिरो गएको वडाध्यक्ष मित्रलाल रिजालले बताए। उनका अनुसार स्थानीय र यात्रुसमेत मिलेर जेसिबीको सहायतामा सडक खुलाउने काम भइरहेको छ।

छत्रेश्वरी गाउँपालिका दुई मा खहरेखोलाको बाढीले लान्ती लेखपोखरा दह सडक तीन दिन अवरुद्ध भएको थियो। पालिकाले जेसिबी प्रयोग गरी मर्मत गरेपछि यातायात सञ्चालनमा आएको जनाइएको छ।

# अस्पतालमा स्तनपान कक्ष नहुँदा आमालाई सास्ती



काँक्रेविहार संवाददाता
रुकुमपश्चिम, २ भदौ

जिल्ला अस्पताल रुकुम पश्चिममा स्तनपान कक्ष नहुँदा शिशुसहित उपचारका लागि पुग्ने आमाहरूलाई बच्चालाई दूध खुवाउन समस्या भएको छ।

अस्पतालमा सुरक्षित र सहज स्थान नहुँदा आमाहरूले उपयुक्त ठाउँ खोज्दै हिँड्नुपर्ने बाध्यता रहेको सेवाग्राहीले गुनासो गरेका छन्।

अस्पतालमा उपचारका लागि चार महिनाको शिशुसहित पुगेकी अम्बिका खड्काले पालो कुर्ने क्रममा बच्चाले दूध मागेपछि कहाँ बसेर स्तनपान गराउने भन्ने समस्या भएको बताइन्। उनका अनुसार अस्पताल जस्तो संवेदनशील स्थानमा समेत स्तनपानका लागि छुट्टै व्यवस्था नहुँदा आमाहरू असहज अवस्थामा पर्ने गरेका छन्।

१५ शय्या स्वीकृत अस्पतालमा बिरामीको चाप बढेपछि हाल करिब ४० शैयासम्म सञ्चालन भइरहेको छ।

अस्पतालका मेडिकल अधिकृत डा. ओसन पुनका अनुसार करिब एक वर्षअघि स्तनपान कक्ष निर्माण गरिएको थियो। तर, पर्याप्त ठाउँ नहुँदा उक्त कक्षलाई पछि मेडिकल रेकर्ड रुमका रूपमा प्रयोग गर्नुपरेको हो।

डा. पुनले अस्पतालमा स्तनपान कक्ष आवश्यक भए पनि ठाउँ अभावका कारण तत्काल व्यवस्था गर्न नसकिएको बताए। उनका अनुसार शिशुसहित आउने आमाहरूलाई सुरक्षित रूपमा स्तनपान गराउने वातावरण बनाउन अस्पताल गम्भीर छ।

पछिल्लो पाँच वर्षदेखि निर्माण भइरहेको ५० शय्या क्षमताको नयाँ भवन सञ्चालनमा आएपछि स्तनपान कक्षको समस्या समाधान हुने अस्पतालले जनाएको छ।

सार्वजनिक तथा सरकारी संस्थामा लैंगिकमैत्री संरचना आवश्यक भए पनि जिल्लाका धेरै ठाउँमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

गुर्भाकोट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
शुभघाट, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

## अत्यन्त जरुरी अपिल

*आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू,*
वर्षादको समयमा खोला-नालामा बाढी आउने, पहाडी क्षेत्रमा पहिरो खस्ने जस्ता प्राकृतिक विपद्का साथै लामखुट्टेको वंशवृद्धि भई डेङ्गु लगायतका कीटजन्य तथा जलजन्य रोगहरू तीव्र रूपमा फैलने जोखिम बढेको छ। यस्तो प्रतिकूल मौसमको समयमा सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न र नगरवासीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न गुर्भाकोट नगरपालिका निम्नअनुसार सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछ।

**बाढी तथा पहिरोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू**

- बाढीको समयमा खोला, नदी, र अप्ठ्यारा जोखिमपूर्ण स्थानहरूमा जाने, माछा मार्ने, काठ सङ्कलन गर्ने वा पौडी खेल्ने काम नगरौं।
- घरको नजिक वा माथिपट्टि पहिरो खस्न सक्ने, जमिन भासिन सक्ने वा भित्तो चर्किएको ठाउँ भए विशेष सावधानी अपनाऔं। जोखिम बढेमा सुरक्षित स्थानमा सरौं।
- खोलानाला तर्दा वा भेल बाटो काट्दा पूर्ण सुरक्षाको ध्यान दिऔं। भेल बढेको बेला जबर्जस्ती खोला तर्ने प्रयास नगरौं।
- जोखिमपूर्ण मौसममा घरबाहिर अनावश्यक हिँडडुल तथा लामो दूरीको यात्रा नगरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न र उहाँहरूको हेरचाहमा पहिलो प्राथमिकता दिऔं।

**डेङ्गु रोगबाट बच्ने विशेष उपायहरू**

- वर्षाको समयमा ठाउँ-ठाउँमा पानी जम्ने भएकाले डेङ्गु सार्ने 'एडिज एजिप्टी' जातको लामखुट्टेको जोखिम अत्यधिक हुन्छ। डेङ्गुबाट बच्न "खोज र नष्ट गर" अभियानमा सहभागी बनौं।
- पानी जम्न नदिऔं। घर, आँगन, कौसी, पुराना टायर, गमला, बोतल, प्लास्टिकका भाँडा, ड्रम, कुलर र ट्याङ्कीमा लामो समयसम्म पानी जम्मा हुन नदिऔं। हप्तामा कम्तीमा एक पटक यस्ता भाँडाहरू सफा गरी सुक्खा राखौं।
- झुलको अनिवार्य प्रयोग : दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुलको प्रयोग गरौं। डेङ्गु सार्ने लामखुट्टेले विशेष गरी दिउँसोको समयमा टोक्ने भएकाले दिउँसो झनै सतर्क रहौं।
- शरीरका सबै भाग ढाकिने गरी लामो बाहुला भएको लुगा लगाऔं।
- लामखुट्टेको टोकाइबाट बच्न धुप वा 'मोस्किटो रिपेलेन्ट' (क्रीम) प्रयोग गरौं।

**विशेष सूचना :** माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराऔं। स्वास्थ्यकर्मीको सल्लाहबिना जथाभावी 'पेनाडोल' वा 'प्यारासिटामोल' बाहेक अन्य (जस्तै फ्लेक्सिन, ब्रुफिन आदि) औषधिहरू प्रयोग नगरौं।

**सरसफाइ तथा अन्य स्वास्थ्य सावधानीहरू**

- वर्षाको समयमा खानेपानीका मुहानहरू दूषित हुने सम्भावना बढी हुने भएकाले खानेपानी सधैं राम्ररी उमालेर वा छानेर मात्र पिउने गरौं।
- बासी, सडेगलेको वा झिँगा भनभनाएको खाना नखाऔं। सागपात र फलफूल राम्ररी पखालेर मात्र प्रयोग गरौं।
- खाना खानुअघि र शौचालयको प्रयोगपछि साबुनपानीले मिचीमिची हात धुने बानी बसालौं।

**विद्युतीय तथा भौतिक सुरक्षा**

- बाढी वा हावाहुरीका कारण बिजुलीका तार वा खम्बाहरू लड्न सक्ने भएकाले नाङ्गो तार वा विद्युतीय खम्बाको नजिक नजाऔं।
- घरको छत तथा ढलबाट पानी निकास हुने बाटो खुला र सफा राखौं।

**पूर्वतयारी तथा आपतकालीन व्यवस्थापन**

- आपतकालीन अवस्थाका लागि आवश्यक प्राथमिक उपचार सामग्री (औषधि, ब्यान्डेज), टर्चलाइट, रेडियो, ड्राई फुड (सुक्खा खानेकुरा), पिउने पानी, महत्वपूर्ण कागजातहरू र थप लुगाकपडा एउटा सुरक्षित झोलामा तयार राखौं।
- सत्य सूचना मात्र आदान-प्रदान गरौं। स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वा आधिकारिक माध्यमबाट आउने मौसम र विपद् सम्बन्धी जानकारी नियमित रूपमा सुनौं। अफवाहको पछि नलागौं।
- आफ्नो छरछिमेकमा कोही घाइते, बिरामी वा विपद्मा फसेका भए प्रहरी, स्थानीय प्रशासन वा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त खबर गरी सहयोग गरौं।

*विपद् र रोगव्याधी बाजा बजाएर आउँदैन, सजग र पूर्वतयारी बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं।*

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# सामाजिक सुरक्षा कोषमा पुगे ३१ लाखभन्दा बढी योगदानकर्ता, १ खर्ब २३ अर्ब बढी रकम संकलन

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, २ भदौ

सामाजिक सुरक्षा कोषमा ३१ लाख बढी योगदानकर्ता पुगेका छन् भने झण्डै सबा खर्ब रुपैयाँ योगदान रकम संकलन भएको छ।

भदौ १ गतेसम्मको तथ्यांकअनुसार कुल ३१ लाख ८ हजार ७ सय ४० जना योगदानकर्ता सूचीकृत भएका छन्।

यसमध्ये सबैभन्दा ठूलो हिस्सा वैदेशिक क्षेत्रको रहेको छ, जहाँबाट २३ लाख ७१ हजार ७ सय १७ जना आवद्ध छन्।

औपचारिक क्षेत्रबाट ७ लाख ३४ हजार ५ सय ६९ जना, स्वरोजगार क्षेत्रबाट १ हजार ३ सय १० जना र अनौपचारिक क्षेत्रबाट १ हजार १ सय ४४ जना




कोषमा जोडिएका छन्।

त्यस्तै, औपचारिक क्षेत्रका २३ हजार ६ सय १ रोजगारदाता संस्थाहरु हालसम्म कोषमा सूचीकृत भइसकेका छन्।

औपचारिक क्षेत्रका रोजगारदाताहरुको प्रदेशगत विवरण हेर्दा बाग्मती प्रदेशको सहभागिता सबैभन्दा उच्च देखिएको छ।

बाग्मती प्रदेशबाट १५ हजार ६ सय ३५ रोजगारदाता कोषमा आवद्ध हुँदा कोशी प्रदेशबाट २ हजार ६ सय ७, लुम्बिनीबाट २ हजार २१, गण्डकीबाट १ हजार ३ सय २३ र मधेश प्रदेशबाट १ हजार ३ सय २१ रोजगारदाता सूचीकृत छन्।

सुदूरपश्चिम प्रदेशबाट ३ सय ८० र कर्णाली प्रदेशबाट सबैभन्दा कम ३ सय १४ रोजगारदाता कोषको सम्पर्कमा आएका छन्।

सामाजिक सुरक्षा कोषमा विभिन्न योजनाहरु अन्तर्गत भदौ १ गतेसम्म कुल १ खर्ब २३ अर्ब ८ करोड रुपैयाँ योगदान रकम संकलन भएको छ। यसमा औपचारिक, वैदेशिक, अनौपचारिक र स्वरोजगार सबै क्षेत्रको योगदान समेटिएको छ।

विशेष गरी वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत सबैभन्दा धैरै रकम संकलन भएको देखिन्छ, जसमा औपचारिक क्षेत्रबाट ९० अर्ब ९६ करोड ६६ लाख ७७ हजार र वैदेशिक क्षेत्रबाट ४४ अर्ब ६१ करोड ५२ लाख ७१ हजार रुपैयाँ जम्मा भएको छ।

यसका अतिरिक्त कोषमा प्रतिफल र अतिरिक्त योगदानको हिस्सा पनि उल्लेखनीय रहेको छ।

# कांग्रेसको १५औँ महाधिवेशनको तहगत नयाँ निर्वाचन तालिका सार्वजनिक

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, २ भदौ

नेपाली कांग्रेसको १५औँ केन्द्रीय महाधिवेशन पूर्वनिर्धारित मितिमै हुने भएको छ। तर, केन्द्रीय निर्वाचन समितिले विभिन्न तहका अधिवेशनका लागि निर्वाचन कार्यतालिका भने हेरफेर गरेको छ।

केन्द्रीय निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले जारी गरेको प्रेस विज्ञप्तिअनुसार असोज १६ देखि १९ गतेसम्म हुने निर्वाचनको तहगत कार्यतालिका पुनः निर्धारण गरिएको जनाइएको छ। विज्ञप्तिमा वर्षात्का कारण वडा, गाउँ, नगर, उपमहानगर, महानगरपालिका तथा क्षेत्रीय अधिवेशनमा पर्न सक्ने प्रतिकूल प्रभाव र पार्टीभित्र व्यापक सहभागिताका लागि संवाद तथा सहमतिको वातावरण बनाउन अधिवेशनको तहगत कार्यतालिका पुनः निर्धारण गरिएको हो। नयाँ कार्यतालिकाअनुसार २०८३ भदौ २४ गते देशभरका ६ हजार ७ सय ४३ वडामा वडा अधिवेशन हुनेछ। सोही क्रममा क्षेत्रीय प्रतिनिधि चयन गरिनेछ। त्यसपछि भदौ २७ गते गाउँरनगरपालिका अधिवेशन, भदौ ३१ गते प्रदेश सभा क्षेत्रीय अधिवेशन र असोज ३ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा एकमात्र निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन हुने निर्वाचन समितिले जनाएको छ। असोज ३ गते महाधिवेशन प्रतिनिधि चयन तथा सम्बन्धित कार्यसमितिको निर्वाचनसमेत हुनेछ।

त्यस्तै, असोज ७ गते जिल्ला अधिवेशन र असोज १० गते प्रदेश अधिवेशन सम्पन्न गर्ने कार्यतालिका तय गरिएको छ।

यसअघि नै तय भएको केन्द्रीय महाधिवेशन भने असोज १६, १७, १८ र १९ गते काठमाडौंमा सम्पन्न गर्ने निर्णय यथावत् राखिएको छ।

निर्वाचन समितिका अनुसार भदौ २ देखि १० गतेसम्म निर्वाचन प्रतिनिधिलाई अभिमुखीकरण तालिम दिइनेछ भने भदौ ११ गते निर्वाचन अधिकृतहरूलाई जिल्लामा खटाइनेछ। भदौ १५ गते वडामा निर्वाचन प्रतिनिधि खटाउने र भदौ १६ देखि २० गतेसम्म वडा तहमा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

यसैगरी, बाँकी रहेका नेपाली जनसम्पर्क समितिहरूको अधिवेशन भदौ मसान्तभित्र सम्पन्न गरिसक्ने समयसीमा तोकिएको छ।

केन्द्रीय कार्यसमितिको २०८३ साउन २४ देखि भदौ १ गतेसम्म बसेको बैठकले संविधान, प्रचलित कानुन, पार्टी विधान तथा सर्वोच्च अदालतको २०८३ वैशाख ४ गतेको फैसलालाई समेत ध्यानमा राखी महाधिवेशन प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा केन्द्रीय निर्वाचन समितिले परिमार्जित क्यालेन्डर सार्वजनिक गरेको हो।

# पञ्चपुरी अस्पतालमा एनएसआई टोली, स्वास्थ्य सेवा विस्तारको अपेक्षा

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, २ भदौ

पञ्चपुरी नगरपालिका-२ सालकोटस्थित पञ्चपुरी आधारभूत अस्पतालमा एनएसआई टोलीको स्वागत गरिएको छ। टोलीको आगमनसँगै पश्चिम सुर्खेतका नागरिकले स्थानीयस्तरमै थप गुणस्तरीय स्वास्थ्य सेवा पाउने अपेक्षा गरिएको छ। अस्पतालमा आयोजित स्वागत कार्यक्रममा पञ्चपुरी नगरपालिकाका नगरप्रमुख लालवीर भण्डारी, पूर्वनगरप्रमुख उपेन्द्र थापा, वडा नम्बर दुईका अध्यक्ष यामबहादुर बीसी, वडा नम्बर तिनका अध्यक्ष बलबहादुर रोकाय र वडा नम्बर चारका अध्यक्ष रामप्रसाद अधिकारीलगायत जनप्रतिनिधि तथा सरोकारवालाको सहभागिता थियो। कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत लालबहादुर सुवेदी, लेखा अधिकृत लक्ष्मी अधिकारी, अस्पतालका कार्यालय



प्रमुख आवासचन्द्र कटुवाल तथा अस्पतालका कर्मचारीसमेत सहभागी थिए। एनएसआई टोलीको उपस्थितिले अस्पतालको सेवा थप प्रभावकारी र गुणस्तरीय बन्ने विश्वास गरिएको छ। यसअघि पश्चिम सुर्खेतका नागरिक सामान्यदेखि विशेषज्ञ स्वास्थ्य उपचारका लागि समेत वीरेन्द्रनगर पुग्नुपर्ने बाध्यता थियो। अस्पतालको सेवा विस्तारसँगै उक्त समस्या कम हुने अपेक्षा गरिएको छ।

कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा सरोकारवालाले अस्पतालको सेवा सुधारका लागि आवश्यक जनशक्ति, उपकरण र पूर्वाधार व्यवस्थापनमा जोड दिएका थिए। साथै, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि स्थानीय तह, अस्पताल प्रशासन र सम्बन्धित निकायबीच सहकार्य आवश्यक रहेको बताएका थिए। पञ्चपुरी अस्पताललाई पश्चिम सुर्खेतकै भरपर्दो स्वास्थ्य केन्द्रका रूपमा विकास गर्न सके पञ्चपुरीसँगै आसपासका नागरिकसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ।

स्थानीयस्तरमै विशेषज्ञ सेवा विस्तार भए उपचारका लागि लाग्ने समय, खर्च र यात्राको झन्झटसमेत कम हुने विश्वास गरिएको छ।

## सबल कर्णाली, स्वस्थ कर्णालीवासी: प्रदेश अस्पताल, सुर्खेतको ऐक्यबद्धता

**आदरणीय कर्णाली प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइहरू,**
सुर्खेतको कालागाउँस्थित प्रदेश अस्पताल वीरेन्द्रनगर तपाईंहरूको स्वास्थ्य सुरक्षा र जीवन रक्षाका लागि अहोरात्र खटिरहेको छ। दुर्गम बस्तीदेखि सुगम क्षेत्रसम्मका हरेक नागरिकले भरपर्दो, आधुनिक र गुणस्तरीय स्वास्थ्य सेवा आफ्नै प्रदेशमा पाउन सकून् भन्ने हाम्रो मुख्य संकल्प हो।
स्वास्थ्यप्रतिको सचेतना र हाम्रो सहकार्यले नै स्वस्थ कर्णालीको आधार निर्माण गर्छ।

**हाम्रा प्रमुख प्रतिबद्धता र उपलब्ध सेवाहरू**
- २४ सै घण्टा आकस्मिक सेवाः जटिल बिरामी, दुर्घटना तथा आपत्कालीन अवस्थाका लागि २४ सै घण्टा दक्ष चिकित्सक, आइसीयू (क्ष्ऋग्/ल्क्ष्ऋग्), शल्यक्रिया र रगत व्यवस्थापन सेवा उपलब्ध छ।
- मातृ तथा शिशु सुरक्षाः सुत्केरी महिला तथा नवजात शिशुका लागि विशेष प्रसूति सेवा र चौबीसै घण्टा आकस्मिक शल्यक्रिया सेवा सञ्चालनमा छ।
- सुलभ विशेषज्ञ सेवाः मुटु, मिर्गौला, हाडजोर्नी, बालरोग, स्त्रीरोग तथा बालस्वास्थ्य सम्बन्धी आधुनिक प्रविधिबाट विशेषज्ञ परामर्श र उपचार दिइँदै आएको छ।
- स्वास्थ्य बिमा सहजीकरणः नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममार्फत गरिब, विपन्न तथा आम नागरिकलाई सर्वसुलभ र निःशुल्क उपचार सेवा प्राप्त गर्न काउन्टरहरू व्यवस्थित गरिएको छ।

**प्रदेशवासीसँग हाम्रो अपिल**
- नियमित परीक्षण गरौँः रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिन समय-समयमा सामान्य स्वास्थ्य परीक्षण गराउने बानी बसालौँ।
- अस्पताल नियमको पालना गरौँः बिरामीको छिटो स्वास्थ्य लाभ र संक्रमण जोखिम न्यूनीकरणका लागि तोकिएको समयमा मात्र भेटघाट गरौँ र एकजना मात्र कुरुवा बस्ने व्यवस्थामा सहयोग गरौँ।
- सरसफाइमा सहकार्य गरौँः अस्पताल परिसरलाई आफ्नै घरजस्तै सफा, स्वच्छ र धुम्रपानमुक्त बनाउन सहयोग गरौँ।

*"तपाईंको स्वास्थ्य, हाम्रो पहिलो प्राथमिकता।"*

**प्रदेश अस्पताल**
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)